आ.व. २०८३/८४ मा प्रदेश जनस्वास्थ्य कार्यालयहरुबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरुको

कार्य सञ्चालन मापदण्ड, २०८३

(विशेष अनुदान तर्फ)

मिति २०८३/०४/ (मा.मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (संशोधन सहित)" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

कार्यक्रम सञ्चालन /कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३

१. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन यस मापदण्डको अधिनमा रही गर्नुपर्नेछ ।
२. यस मापदण्डमा उल्लेख भएका कार्यक्रमहरु सञ्चालन एवं कार्यान्वयन गर्ने/गराउने प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको रहनेछ भने समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको रहनेछ ।
३. कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नु पूर्व तयारी स्वरुप कार्यक्रम सञ्चालन प्रकृया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य विषयमा आवश्यक छलफल एवं परामर्श गरी प्रचलित कानून बमोजिम कार्यक्रममा विनियोजित बजेट बाँडफाँट गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्नेछ ।
४. कार्य सञ्चालन प्रक्रियामा उल्लेखित क्रियाकलापहरु सम्पन्न गर्दा आवश्यक पर्ने बैठक भत्ता, खाना/खाजा खर्च, भ्रमण खर्च, सहभागी भत्ता, आदि बापतको खर्च/भुक्तानी गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम सम्बन्धित कार्यक्रम शीर्षकबाट गर्नुपर्नेछ ।
५. चालु आर्थिक वर्ष २०८३/८४ मा विनियोजन भएको बजेटको आर्थिक दायित्व आगामी आर्थिक वर्षमा सर्ने एवं विनियोजित बजेट भन्दा थप आर्थिक दायित्व सृजित हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन । यसरी कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गरेको पाइएमा स्वयं थप आर्थिक दायित्व सृजना गर्ने अधिकारीबाट थप आर्थिक दायित्वको सोधभर्ना गर्नुपर्नेछ ।
६. सम्पादित कार्यक्रमको आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ ।
७. कार्यक्रमको वित्तीय र भौतिक प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।
८. आवश्यकतानुसार कार्यक्रमहरुको अनुगमन, मूल्यांकन, सहजिकरण एवं अनुशिक्षण मन्त्रालय तथा अन्य प्रादेशिक निकायबाट हुनेछ ।
९. यस मापदण्डको कुनै विषय स्पष्ट नभएमा स्वास्थ्य मन्त्रालयमा सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।
१०. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डलाई पथ प्रदर्शकको रुपमा लिई स्वीकृत कार्यक्रमको बजेट र तपसिलमा उल्लेखित प्रचलित कानूनको अधिनमा रही कार्यक्रम सञ्चालन एवं कार्यान्वयन गर्नुपर्नेछ ।

तपसिल

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली [संशोधन सहित], २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८
- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९
- गण्डकी प्रदेश आर्थिक ऐन, २०८३
- गण्डकी प्रदेश विनियोजन ऐन, २०८३
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१
- प्रदेश खर्चको मापदण्ड, २०७९
- आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८३
- सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- कार्यक्रम सञ्चालन गर्दा अन्य प्रचलित कानून बमोजिम जारी भएका ऐन, नियमावली, कार्यविधि, गठन आदेश, मापदण्ड एवं निर्देशिकालाई आधार मानी गर्नु पर्नेछ साथै प्रचलित कानून [ऐन/नियमावली/कार्यविधि/मापदण्ड आदि] मा संशोधन वा जारी भएमा सो समेतलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

विषयसूची

१. रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease) को स्क्रिनिङ 5
२. मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन (रीएजेन्ट तथा किट व्यवस्थापन सहित) 7
३. मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम..12
४. बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि (ANC to PNC Continuum of Care, Pregnancy Registration and Tracking app, MPDSR)..14
५. ASRH सम्बन्धी अभिमूखीकरण 15
६. किशोरकिशोरी लक्षित मानसिक स्वास्थ्य, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम 16
७. पूर्ण संस्थागत सुत्केरी वडा/पालिका एवम् मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरणका लागि जनस्वास्थ्य अभियान..17
८. संक्रमण रोकथाम तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखीकरण..........23
९. नर्सिङ कर्मचारीहरुका लागि STI सम्बन्धी तालिम..24
१०. मानसिक स्वास्थ्य प्रदायक र मनोसामाजिक परामर्शकर्ताहरुको सहभागितामा मानसिक स्वास्थ्य कार्यक्रमको सिकाई आदान प्रदान कार्यक्रम तथा योजना तर्जुमा...........................25
११. घरमा सुत्केरी हुने दर उच्च रहेका स्थानीय तहका तथा रणनैतिक स्थानका बर्थिङ सेन्टर सुदृढीकरणका लागि औजार उपकरण खरिद 26

१. रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease) को स्क्रिनिङ

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१७	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), स्याङ्जा, बागलुङ-८००; पर्वत, लमजुङ, म्याग्दी-५००; मुस्ताङ- ३००, मनाङ-२००

विषयवस्तु	विवरण
परिचय	रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) Group A Streptococcal को घाँटीको संक्रमणपछि हुने Rheumatic Fever का कारण मुटुका भल्भमा हुने दीर्घकालीन क्षति हो । यो रोग बालबालिका तथा किशोरकिशोरीमा देखिन सक्ने भए तापनि प्रारम्भिक अवस्थामा प्रायः लक्षण विहीन रहने गर्दछ । नेपाल लगायत विकासोन्मुख देशहरूमा RHD अझै पनि बालबालिका तथा युवावर्गमा मुटु सम्बन्धी रोगको प्रमुख कारण मानिन्छ। समयमै पहिचान तथा उपचार हुन नसकेमा यसले हृदयघात (Heart Failure), मस्तिष्कघात (Stroke), Infective Endocarditis तथा अकाल मृत्युजस्ता गम्भीर जटिलताहरू निम्त्याउन सक्छ। तसर्थ, स्क्रिनिङ कार्यक्रम मार्फत रोगको प्रारम्भिक अवस्थामै पहिचान र रोकथाम महत्वपूर्ण हुने भएकोले सो का लागि यो कार्यक्रम राखिएको हो।
उद्देश्य	विद्यालय तथा समुदायस्तरमा RHD का जोखिमयुक्त व्यक्तिहरूको पहिचान गरी संक्रमित तथा जोखिममा रहेका व्यक्तिहरूलाई समयमै स्वास्थ्य संस्थामा रेफरल गर्नुका साथै उपचारका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्नु।
अपेक्षित प्रतिफल	रुम्याटिक हार्ट डिजिजबाट हुने दीर्घकालिन जटिलता र मृत्युदर घटेको हुनुका साथै यसको समयमै उपचार प्रदान भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• कार्यक्रम सञ्चालन गर्नु पूर्व स्थानीय तहहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालनका लागि छाला तथा घाँटीको संक्रमण सम्बन्धी रोगको बिरामी बढी देखिएको, व्यक्तिगत सरसफाई कमजोर अवस्था रहेको समुदाय एवम् विद्यालयको छनौट गरी स्क्रिनिङ टूल, स्वास्थ्य सर्वेक्षण फाराम, स्टेथोस्कोप, Echocardiography, रेफरल किट आदिको व्यवस्थापन गर्ने, • सम्भव भएसम्म सहयोगी संघ संस्थासँग समन्वय र सहकार्य गर्ने, • विषय विज्ञ वा तालिम प्राप्त चिकित्सकबाट १५ वर्ष मुनिका बालबालिकाहरुको Clinical Screening तथा Cardiac Auscultation गरी शंकास्पद बालबालिकाहरुको Echocardiography मार्फत थप परिक्षण गरी रोगको पहिचान गर्ने,

विषयवस्तु	विवरण
	• शंकास्पद वा लक्षणयुक्त व्यक्तिलाई सम्बन्धित अस्पतालमा प्रेषण गर्ने र उपचारको लागि आवश्यक समन्वय, सहजीकरण तथा फलोअप गर्ने, • आवश्यक उपकरण एवम् विशेषज्ञ जनशक्तिको उपलब्धता नभएमा समुदायमा रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) स्क्रिनिङ कार्य गरिरहेका अन्तर्राष्ट्रिय/राष्ट्रिय संघ संस्थाहरुसँग बजेटको परिधी भित्र रहेर कार्यालयले सम्झौता गरी सम्पूर्ण क्रियाकलापहरु सम्पन्न गराउन सक्नेछ । सम्झौता भए बमोजिमका क्रियाकलापहरु भए नभएको सुनिश्चतताको लागि कार्यालयले अनिवार्य अनुगमन गर्नुपर्नेछ । • Echocardiography सेवा प्रवाह गर्ने विज्ञ चिकित्सकलाई प्रति केस अधिकतम रू. तीन सय भुक्तानी गर्न सकिनेछ । साथै, जिल्ला दररेट बमोजिम यातायात खर्चको व्यवस्था गर्न सकिनेछ । • यस कार्यक्रमबाट कार्यक्रम सञ्चालनको क्रममा खटिने स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरुको भ्रमण खर्च एवम् भत्ता, आवश्यक औजार उपकरण Stethoscope, Portable Echocardiography Machine, USG Gel, आदि खरिद वा भाडामा तथा Screening Form, Prescription/Advice Paper, Stationery, IEC सामग्री लगायतका सामग्रीहरुको व्यवस्थापनमा खर्च गर्न सकिनेछ । खाना, खाजा लगायत कार्यक्रम व्यवस्थापनको लागि दैनिक अधिकतम रू. बीस हजारसम्म खर्च गर्न सकिनेछ । • यस कार्यक्रम सञ्चालन गर्ने क्रममा र सञ्चालन गरे पश्चात स्थानीय तह, चिकित्सक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाला निकायहरु र व्यक्तिहरुसँग संचार सम्पर्क तथा उपचारको फलोअपका लागि टेलिफोन तथा संचार खर्च बापत यस कार्यक्रमबाट बढीमा रू.दुई हजारसम्म खर्च गर्न सकिनेछ । • पत्ता लागेका विपन्न बिरामीलाई सम्बन्धित स्थानीय तहको सिफारिसमा उपचार प्राप्त हुने स्वास्थ्य संस्थासम्म प्रेषणका लागि एम्बुलेन्सको जिल्ला भाडादर अनुसार यातायात खर्च उपलब्ध गराउन सकिनेछ ।

२. मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन (रीएजेन्ट तथा किट व्यवस्थापन सहित)

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१८६	२२५२२	गोरखा, बागलुङ -१२००; तनहुँ, नवलपरासी (ब.सु.पू), म्याग्दी, स्याङ्जा-९००;पर्वत, लमजुङ-७००; मनाङ-३००; मुस्ताङ-५००

विषयवस्तु	विवरण
परिचय	नेपालमा नसर्ने रोग (Non Communicable Diseases-NCDs) को बढ्दो भारले सक्रिय रोकथाम र स्क्रिनिङ अभियान अपरिहार्य भएको छ। अज्ञानता, अस्वस्थ जीवनशैली, तनाव, पोषणको कमि लगायतका कारणहरूले मधुमेह, रक्तचाप, रक्तअल्पता र मानसिक स्वास्थ्य समस्या तीव्र रूपमा बढीरहेका छन्। समुदायस्तरमै स्क्रिनिङ कार्यक्रम सञ्चालन गर्दा रोगको समयमै पहिचान, रोकथाम हुनुका साथै आर्थिक र सामाजिक लाभ हुने भएकाले यो कार्यक्रम राखिएको हो।
उद्देश्य	नसर्ने रोगको कारक तत्व तथा नसर्ने रोगको जोखिममा रहेका व्यक्तिहरुको समयमै पहिचान गरी व्यवस्थापन गर्नु।
अपेक्षित प्रतिफल	नसर्ने रोगको जोखिममा रहेका व्यक्तिहरुको समयमा पहिचान भई उपचारको दायरामा आउनुका साथै रोग नियन्त्रण भई रोगको जटिलता कम भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	**पूर्व तयारी** • प्रादेशिक/प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य कार्यालय, आयुर्वेद अस्पताल/चिकित्सालय प्रमुखहरुको बैठक बसी कार्यक्रम कार्ययोजना तयार गरी जिम्मेवारी बाँडफाँट गर्ने, • स्थानीय तहसँगको समन्वयमा स्क्रिनिङ कार्यक्रम सञ्चालन गर्ने उपयुक्त स्थान निक्यौल गरी आवश्यकता अनुसार कार्यक्रमको मिति पूर्व नै निरीक्षण गरी उक्त स्थानको उपयुक्तता सुनिश्चित गर्ने, • स्थानीय तहसँग समन्वय गरी सरोकारवालाहरु एवम् स्क्रिनिङ टोलीलाई अभिमुखीकरण गर्ने। यो कार्यक्रम सञ्चालन गर्दा खाना/खाजा खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। • माइकिङ, स्वास्थ्य शिक्षा सामग्री, सामाजिक सञ्जाल, आदि मध्ये उपयुक्त माध्यमबाट स्क्रिनिङ कार्यक्रमको प्रचार-प्रसार गर्ने/गराउने, • प्रयोगशाला सेवाको लागि प्रादेशिक/प्रदेश अस्पताल/स्थानीय तहमा रहेका आधारभूत अस्पतालसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

विषयवस्तु	विवरण
	• स्क्रिनिङमा प्रयोग गरिने फर्म, फरम्याट, प्रतिवेदन आदिको छपाइमा तथा स्क्रिनिङका लागि आवश्यक BP set, Thermometer, Stadiometer, Measuring tape, Sanitizer, Gloves, Glucometer, Test strip, Pen Torch, Pulse Oximeter आदिको खरिदका लागि नियमानुसार खर्च गर्न सकिनेछ । • स्क्रिनिङ कार्यक्रमका लागि प्रस्थान गर्नु पूर्व अनुसूची १ बमोजिमका सामग्रीहरू रहेको सुनिश्चित गरी चेकलिस्ट भर्ने, **कार्यक्रम सञ्चालन** • प्रादेशिक जनस्वास्थ्य केन्द्रद्वारा अद्यावधिक गरिएको नसर्ने रोग तथा मानसिक रोग स्क्रिनिङ टूल (प्रश्नावली) को प्रयोग गर्ने, • प्रयोगशालाहरूमा प्रयोग हुने reagents, test kits, consumables तथा laboratory equipment को गुणस्तर सुनिश्चितताका लागि नमुना परीक्षण तथा प्राविधिक सहयोगका लागि प्रादेशिक रोग नियन्त्रण केन्द्रसँग समन्वय गर्ने, • हालसम्म कुनै नसर्ने रोगको निदान नभएका तीस वा सो भन्दा बढी उमेर समूहका व्यक्तिहरुको तोकिएको अनुसूची बमोजिम फाराम भर्ने, • प्रत्येक व्यक्तिको रक्तचाप, ब्लड सुगर, वजन/उचाई मापन, कम्मरको गोलाई आदि मापन गरी अभिलेख राख्ने, • प्रत्येक व्यक्तिको (CBC, Cholesterol, Triglyceride, HDL, LDL, Blood sugar, Serum creatinine, urea, SGPT, SGOT र Urine dipstick -3 parameter) परीक्षण गर्ने व्यवस्था मिलाउने, • कार्यक्रम व्यवस्थापन गर्दा रियजेन्ट खर्च लगायतको लागि अस्पताललाई प्रति व्यक्ति परीक्षणका लागि बढीमा रु. नौ सय पचहत्तर शोधभर्ना हुनेछ । यसका अतिरिक्त परीक्षणमा खटिने प्रयोगशालाकर्मीहरुलाई प्रोत्साहन स्वरुप प्रति व्यक्ति रु.पच्चीस प्रदान गर्न सकिनेछ। • प्रत्येक स्क्रिनिङ पछि सेवाग्राहीलाई स्वास्थ्य परामर्श र उपचारको व्यवस्था प्रादेशिक/प्रदेश अस्पताल, प्रदेश आयुर्वेद अस्पताल/चिकित्सालय र स्थानीय तहको स्वास्थ्य संस्था मार्फत गर्ने व्यवस्था मिलाउने र पूराना उपचारमा रहेका बिरामीहरुको समेत उपचार अनुगमन गर्ने, • स्थानीय तह लगायत अन्य संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । साथै, बजेट व्यवस्थापन भएका अन्य शिविर आयोजना गर्न सकिने कार्यक्रमहरुलाई पनि एकीकृत रुपमा सञ्चालन गर्न सकिनेछ । • कार्यक्रम व्यवस्थापनको लागि स्क्रिनिङ कार्यक्रम सञ्चालन हुने समयमा खाना, खाजा, ब्यानर, गाडी भाडा लगायतको लागि प्रदेश खर्चको मापदण्ड, २०७९ बमोजिम प्रति दिन बढीमा रु. बीस हजार खर्च गर्न सकिनेछ ।

विषयवस्तु	विवरण
	अनुगमन र प्रतिवेदन • नजिकको स्वास्थ्य संस्थाबाट e-HMIS/DHIS2 मार्फत र सम्बन्धित स्थानीय तहबाट स्क्रिनिङ कार्यक्रममा Screening tool मार्फत संकलन गरिएको तथ्याङ्क SORMAS मा प्रतिवेदन गर्ने व्यवस्था मिलाउने, • स्क्रिनिङ कार्यक्रम सञ्चालन पश्चात् कार्यक्रमको प्रतिवेदन प्रादेशिक जनस्वास्थ्य केन्द्र र मन्त्रालयमा उपलब्ध गराउने, • स्वास्थ्य मन्त्रालय तथा अन्य प्रादेशिक कार्यालयहरुबाट कार्यक्रमको अनुगमन हुनेछ।

अनुसूची १: नसर्ने रोगहरूको स्क्रिनिङ कार्यक्रममा प्रस्थान पूर्व चेकजाँच गरी भर्नुपर्ने फारम

Station Setup				
Item		**Required Quantity (Per 100 Screenings/Day)**	**Operational Notes**	**Check**
1	Tables & Chairs	8–10 Chairs, 5 Tables	Minimum 1 table/2 chairs per station	
2	Privacy Screens / Curtains	2–3 Sets	Mandatory for physical exams	
3	Banners / Directional Signage	3–4 Banners	Camp entry, station numbers, directional arrows	
4	IEC Materials / Handouts	100–150 Flyers	Diet, salt intake, physical activity, tobacco cessation	
5	Registration Registers / Forms	2 Hardcopy sets / 2 Digital tablets	Includes CBAC (Community-Based Assessment) forms	
6	Referral Slips & Tokens	100 Tokens / 50 Referral books	Pre-numbered for smooth queue management	
7	Stationery	10 Pens, Clipboards, Markers, Staplers	Include waterproof markers for sample tagging	
Anthropometry and Basic Vitals				
8	Digital/Aneroid BP Apparatus	3 Units (2 active, 1 backup)	Calibrated; include both standard & XL cuffs	
9	Spare Batteries (AA/AAA)	2–3 Packs	For BP monitors, glucometers, and lights	
10	Digital Weighing Scale	2 Units	Place on a flat, firm surface; calibrate with 5kg weight	
11	Stadiometer / Height Board	1–2 Units	Portable, wall-mountable or free-standing	
12	Non-Stretch Measuring Tapes	3 Units	Flexible tape for waist circumference measurement	
13	Pulse Oximeter	3 Units (2 active, 1 backup)		

Lab Diagnostics and Consumables				
14	Digital Glucometers	2–3 Units	Ensure code matching if required by device	
15	Blood Glucose Test Strips	120–150 Strips	Check expiry date; store away from heat/humidity	
16	Single-Use Safety Lancets	150 Units	Auto-retracting lancets only	
17	Alcohol Swabs / Cotton Balls	200 Swabs / 1 Roll cotton	Fast-drying isopropyl alcohol	
18	Urine Dipstick Strips	50–100 Strips	For proteinuria/glucosuria (if CKD/DM sub-screening)	
Infection Control and Waste Management				
19	Non-Sterile Examination Gloves	4–5 Boxes (S, M, L)	Nitrile or Latex	
20	Puncture-Proof Sharps Container	2 Yellow Containers	For used lancets and needles	
21	Color-Coded Biohazard Waste Bags	Red (3), Yellow (3), Black (3)	Segregate clinical vs general waste	
22	Hand Sanitizer (Alcohol Rub)	5–6 Bottles (500ml)	1 bottle per station	
23	Surface Disinfectant Spray	2 Bottles	Sodium hypochlorite or 70% alcohol solution	

३. मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१९०	२२५२२	बागलुङ-५००; गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू),स्याङ्जा, पर्वत -३००; म्याग्दी, लमजुङ -२५०; मनाङ, मुस्ताङ-१००

विषयवस्तु	विवरण
परिचय	विश्व स्वास्थ्य सङ्गठनले मानसिक समस्यालाई साधारण तथा दैनिक आईपर्ने तनावहरू व्यवस्थापन गर्न कठिनाइ भई, दैनिक, घरायसी तथा समाजमा योगदान गर्न बाधा भएको अवस्था भनी परिभाषित गरेको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको एक अध्ययन अनुसार नसर्ने रोगहरूमध्ये १८ प्रतिशत हिस्सा मानसिक रोगले ओगटेको देखिन्छ । अर्थात्, नसर्ने रोगहरूबाट उत्पन्न हुने समस्यामध्ये १८ प्रतिशत मानसिक रोगका कारण हुने गरेका छन् । नेपालमा पनि वार्षिक छ हजारभन्दा बढीले मानसिक अस्वस्थताका कारण आत्महत्या गर्ने गरेको पाइएको छ। पचास प्रतिशत भन्दा बढी मानसिक स्वास्थ्य समस्या चौध वर्षभन्दा कम उमेरबाट नै शुरु हुने देखिएकोले मानसिक स्वास्थ्य र समस्याको बारेमा समुदायमा एवम् विद्यार्थीहरुको चेतना अभिवृद्धि गर्न तथा बहुपक्षीय साझेदारीमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	मानसिक स्वास्थ्य समस्या र लागुपदार्थ दुर्व्यसनीको बारेमा विद्यार्थीहरुमा चेतना अभिवृद्धि गरी स्वस्थ बानी व्यवहारको विकास गर्न सहयोग गर्नुका साथै स्थानीय तहमा मानसिक स्वास्थ्य सम्बन्धी पैरवी गर्नु।
अपेक्षित प्रतिफल	मानसिक रोगको दरमा कमी आउनुका साथै स्थानीय तह मार्फत मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन भएका हुनेछन्।
कार्य सञ्चालन प्रकृया	• जिल्ला स्थित प्रादेशिक/प्रदेश अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) बाट मानसिक स्वास्थ्यसँग सम्बन्धित सेवाग्राहीको विवरण तथा जिल्ला प्रहरी कार्यालयबाट आत्महत्या सम्बन्धी विवरण सङ्कलन गरी बढी घटना भएका स्थानीय तह/वडाहरुको यकिन गर्ने, • सम्बन्धित वडामा वडाध्यक्ष लगायतका जनप्रतिनिधि, विद्यालयका शिक्षकहरु, नागरिक अगुवा, प्रहरी, सञ्चारकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, मनोसामाजिक समस्या भएका व्यक्ति तथा समूह र अन्य सरोकारवालाहरु सहभागी गराई १ दिनको पैरवी कार्यक्रम सञ्चालन गर्ने, • सम्बन्धित वडा स्थित सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरु सहभागी गराई मानसिक स्वास्थ्य, योग, ध्यान, लागुपदार्थ नियन्त्रण आदिका बारेमा कक्षा सञ्चालन गर्ने,

विषयवस्तु	विवरण
	• मानसिक स्वास्थ्य सम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मी अथवा यस विषयमा जानकार सम्बन्धित विद्यालयका प्रधानाध्यापक/स्वास्थ्य विषयका शिक्षक एवम् सामुदायिक स्वास्थ्यकर्मीमार्फत मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ। • प्रस्तुतीकरण सामग्रीको लागि प्रादेशिक जनस्वास्थ्य केन्द्र र स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि ध्यान गर्ने (जस्तै : "Miracle of Mind" app मार्फत ध्यान गर्ने) सेसनहरु समेत समावेश गर्नुपर्नेछ। • यस कार्यक्रमबाट मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवसहरू जस्तै: आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस आदि मनाउने प्रायोजनका लागि समेत खर्च गर्न सकिनेछ।

४. बर्थिङ सेन्टर, BEONC तथा CEONC साइटमा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि (ANC to PNC Continuum of Care, Pregnancy Registration and Tracking app, MPDSR)

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१९२	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), पर्वत, म्याग्दी, लमजुङ - ४००, बागलुङ, स्याङ्जा - ४२०, मनाङ - १५०, मुस्ताङ - २००

विषयवस्तु	विवरण
परिचय	गर्भावस्था एवम् मातृ तथा नवशिशु स्वास्थ्य सेवाहरूमा गुणस्तरीयता कायम गर्न स्वास्थ्यकर्मीहरुलाई र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई थप दक्ष बनाउन आवश्यक हुन्छ । स्वास्थ्यकर्मीहरूलाई गर्भवती महिलाको स्वास्थ्य विवरण संकलन गर्ने प्रणाली Pregnancy Registration and Tracking (PRTP) app, Maternal and Perinatal Death Surveillance and Response-MPDSR तथा मातृ तथा नवशिशु स्वास्थ्य सेवा बारे जानकारी प्रदान गर्न यो कार्य्रक्रम राखिएको हो।
उद्देश्य	स्वास्थ्यकर्मीहरुलाई मातृ तथा नवशिशु स्वास्थ्य सेवा, PRTP app र MPDSR प्रक्रियामा दक्ष बनाउनु।
अपेक्षित प्रतिफल	स्वास्थ्यकर्मीहरु मातृ तथा नवशिशु स्वास्थ्यसँग सम्बन्धित विषयहरुमा जानकार हुनेछन् र PRTP र MPDSR प्रणालीमा तथ्याङ्क अद्यावधिक भएको हुनेछ।
कार्यसञ्चालन प्रकृया	• छुटेका तथा पुनर्ताजगी गर्नुपर्ने स्वास्थ्यकर्मीलाई मातृ तथा नवशिशु स्वास्थ्य सेवा, PRTP App, MPDSR प्रणाली, ANC to PNC Continuum of Care लगायतका विषय समेटी दुई दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • कार्यक्रम पश्चात आगामी दिनमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने/ गराउने।

५. ASRH सम्बन्धी अभिमूखीकरण

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१९३	२२५२२	तनहुँ, पर्वत, मुस्ताङ, म्याग्दी, लमजुङ, स्याङ्जा - २००, गोरखा - ३००, नवलपरासी (ब.सु.पू), बागलुङ - ४००, मनाङ - १००

विषयवस्तु	विवरण
परिचय	किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्य (Adolescent Sexual and Reproductive Health-ASRH) विकासोन्मुख राष्ट्रको एक संवेदनशील र महत्त्वपूर्ण मुद्दा हो । किशोरावस्था शारीरिक, मानसिक र सामाजिक परिवर्तनको चरण भएकाले उनीहरूलाई यौन स्वास्थ्यका विषयमा समयमै सुसूचित गराउनु अत्यन्त जरुरी हुन्छ । लाञ्छना, भेदभाव र जानकारीको अभावले गर्दा धैरै किशोर-किशोरीहरू सुरक्षित व्यवहार अपनाउन असमर्थ हुन्छन् । यस सन्दर्भमा स्वास्थ्यकर्मीहरूलाई संवेदनशील, गोपनीय, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम बनाउन यो कार्यक्रम राखिएको हो ।
उद्देश्य	किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा बारे स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्नु ।
अपेक्षित प्रतिफल	किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रवाहको गुणस्तरमा सुधार भएको हुनेछ ।
कार्य सञ्चालन प्रकृया	• किशोर-किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य बारेमा तालिमका लागि उपयुक्त स्वास्थ्यकर्मीहरु (सामुदायिक स्वास्थ्यकर्मी सहित) छनौट गर्ने, • तालिम प्राप्त सहजकर्ता छनौट गरी स्थानीय तह / जिल्लामा तालिम सञ्चालन गर्ने, • ASRH को अवस्था र महत्व, परिवार योजना तथा यौन रोग तथा यौन स्वास्थ्य, सुरक्षित गर्भपतन सेवा, किशोरावस्थाको मानसिक स्वास्थ्य तथा व्यक्तिगत सरसफाई, महिनावारी स्वच्छता, प्रभावकारी परामर्श, कानून तथा अधिकारसम्बन्धी जानकारी आदि विषयवस्तु समेटी २ दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी, परिवार नियोजन लगायतका विषयमा स्वास्थ्य शिक्षा प्रदान गर्नका लागि विद्यालयमा कक्षा सञ्चालन अभ्यास गराउने, • कानूनी दस्तावेज तथा प्रावधानका बारे प्रशिक्षण दिनका लागि सम्बन्धित विषय-विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । • किशोर-किशोरीहरूका यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने/गराउने ।

६. किशोरकिशोरी लक्षित मानसिक स्वास्थ्य, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार नियोजन सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.१९५	२२५२२	लमजुङ, स्याङ्जा - २००, गोरखा, पर्वत - ४००, म्याग्दी - ५०

विषयवस्तु	विवरण
परिचय	किशोरावस्थामा यौन र प्रजनन स्वास्थ्य सम्बन्धी उपयुक्त जानकारीको अभावले गर्दा असुरक्षित यौन व्यवहार, किशोर गर्भावस्था, यौनजन्य संक्रमण र अन्य स्वास्थ्य सम्बन्धी समस्या निम्तिन सक्ने जोखिम रहन्छ। तसर्थ किशोरकिशोरीहरूको स्वास्थ्य अवस्था सुधार गर्न, उनीहरूलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी आवश्यक ज्ञान र जानकारी दिनु अत्यावश्यक हुन्छ। किशोर किशोरीहरूलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजनका महत्त्वपूर्ण पक्षहरूमा शिक्षित गरी उनीहरूको स्वास्थ्य अवस्था सुधार गर्ने र स्वास्थ्य निर्णयहरू लिने क्षमता विकास गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	किशोर किशोरीहरुलाई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, परिवार नियोजन, स्वस्थ जीवनशैलीको महत्त्व र स्वास्थ्य सम्बन्धी उपयुक्त निर्णय लिन सक्षम बनाउनु।
अपेक्षित प्रतिफल	किशोर किशोरीहरूमा सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी जानकारीको अभिवृद्धि भई असुरक्षित प्रजनन व्यवहारको कमि भएको हुनुका साथै उपयुक्त निर्णय लिने क्षमताको विकास भएको हुनेछ।
कार्यसञ्चालन प्रकृया	• प्रादेशिक जनस्वास्थ्य केन्द्र तथा स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी कार्यक्रमको क्रममा प्रयोग गरिने शिक्षण सामग्रीहरु जस्तै: Power Point, सन्दर्भ सामग्री आदि तयार गर्ने, • विद्यालयका विद्यार्थीहरु सहभागी गराई सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, परिवार योजना, सुरक्षित गर्भपतन सेवा, स्वस्थ जीवनशैलीको महत्व आदिका बारेमा कक्षा सञ्चालन गर्ने, • स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ कर्मचारी /विद्यालय नर्स, सामुदायिक स्वास्थ्यकर्मी वा अन्य दक्ष स्वास्थ्यकर्मी मार्फत स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। • कक्षा सञ्चालन गरे बापत यातायात खर्च स्वरूप बढीमा रू. एक हजार प्रदान गर्न सकिनेछ र एउटा कक्षाको अवधि कम्तीमा १ घण्टा ३० मिनेटको हुनुपर्नेछ।

७. पूर्ण संस्थागत सुत्केरी वडा/पालिका एवम् मातृ तथा नवशिशु स्वास्थ्य सुदृढीकरणका लागि जनस्वास्थ्य अभियान

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४४६	२२५२२	पर्वत, मुस्ताङ, लमजुङ, स्याङ्जा - ५००, गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ, म्याग्दी - १०००, मनाङ - ३००

विषयवस्तु	विवरण
परिचय	घरमा गरिने असुरक्षित प्रसूति आमा र नवशिशु दुवैको जीवनका लागि गम्भीर जोखिमको विषय हो। समयमै स्वास्थ्य संस्थामा पुग्न नसक्नु, यातायातको अभाव, परिवारमा प्रसूति तयारीको कमी, जोखिमका लक्षणबारे अपर्याप्त जानकारी तथा स्वास्थ्य सेवासम्म पहुँचमा रहेका अवरोधका कारण घरमा प्रसूति हुने अवस्था सिर्जना हुन सक्छ। गण्डकी प्रदेशमा संस्थागत प्रसूति सेवालाई पहुँचयोग्य र गुणस्तरीय बनाउन विभिन्न प्रयासहरू भएका छन्। यसै सन्दर्भमा पालिका तथा वडास्तरमा घरमा हुने प्रसूति शून्य बनाउने लक्ष्य प्राप्त गर्दै पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा तथा स्थानिय तह निर्माण गर्न, गर्भावस्थादेखि सुत्केरी अवस्थासम्म एवम् नवशिशु स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न र मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी समुदायको सहभागिता अभिवृद्धि गरी मातृ तथा नवशिशु स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन यो कार्यक्रम राखिएको हो।
उद्देश्य	घरमा हुने प्रसूतिलाई पूर्ण रूपमा निरुत्साहित गर्दै सबै महिलालाई दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै प्रसूति गराउन प्रोत्साहित गर्नु।
अपेक्षित प्रतिफल	गर्भवती महिलाको प्रसूति सेवाको उपयोग तथा संस्थागत प्रसूतिमा वृद्धि भई घरमा हुने प्रसूति क्रमशः घट्दै शून्य भएको हुनुका साथै मातृ तथा नवशिशु स्वास्थ्य सेवा गुणस्तरिय भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	**क. पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा/स्थानीय तह सम्बन्धी बहस तथा पैरवी कार्यक्रम** • कार्यक्रम सञ्चालन गर्नु पूर्व मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमका उपलब्ध तथ्याङ्कको विश्लेषण गरी घरमा प्रसूति हुने दर उच्च भएका वडा, संस्थागत प्रसूति कम भएका वडा तथा गर्भावस्थादेखि सुत्केरी अवस्थासम्म सेवाको निरन्तरता न्यून भएका क्षेत्रहरु पहिचान गर्ने, • DHIS-2, PRTP तथा स्थानीय तह/स्वास्थ्य संस्थाले प्रयोग गर्ने Google Sheet वा अन्य अभिलेखमा रहेका तथ्याङ्कको सूक्ष्म विश्लेषण गरी गर्भवतीको पहिचान, ANC सेवा, अपेक्षित प्रसूति मिति, संस्थागत प्रसूति, PNC तथा प्रेषण को अवस्था विश्लेषण गर्ने,

विषयवस्तु	विवरण
	• तथ्याङ्कको विश्लेषणको आधारमा छनौट गरिएका स्थानीय तह तथा वडामा स्थानीय जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, नर्सिङ फोकल व्यक्ति, स्वास्थ्य संस्थाका कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, स्थानीय अगुवा, शिक्षक, महिला तथा गर्भवती, स्थानीय संघसंस्था लगायतका सरोकारवालाको सहभागितामा पूर्ण संस्थागत सुत्केरी वडा/स्थानीय तह सम्बन्धी १ दिनको बहस तथा पैरवी कार्यक्रम सञ्चालन गर्ने, • कार्यक्रममा निम्न विषयमा छलफल गर्ने: ➢ पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा/स्थानीय तहको मापदण्ड, अवस्था र उपलब्धि ➢ घरमा प्रसूति हुने प्रमुख कारण तथा स्थानीय अवरोधको पहिचान ➢ प्रसूति पूर्व तयारी तथा जटिलता व्यवस्थापन तयारी ➢ आकस्मिक अवस्थामा प्रेषण तथा यातायात व्यवस्थापन ➢ स्वास्थ्य संस्थामा उपलब्ध सेवा, दक्ष प्रसूतिकर्मी तथा प्रसूति सेवाको गुणस्तर ➢ सम्मानजनक मातृ तथा नवशिशु स्वास्थ्य सेवा ➢ वडा तथा स्थानीय तहलाई पूर्ण सुरक्षित मातृत्व सेवायुक्त कायम गर्न आवश्यक आगामी कार्ययोजना। • यसै आर्थिक वर्ष वा आगामी आर्थिक वर्षका लागि वडा तथा स्थानीय तहलाई पूर्ण सुरक्षित मातृत्व सेवायुक्त कायम गर्नका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, • स्थानीय तहसँग समन्वय गरी उक्त कार्ययोजना कार्यान्वयनका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ। • बजेटको परिधि भित्र रही यो कार्यक्रम आवश्यकता अनुसार दुई वा सो भन्दा बढी वडा/स्थानीय तहहरुमा सञ्चालन गर्न सकिनेछ। • पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा/स्थानीय तह कायम गर्नका लागि निम्न आधारहरु लिन सकिनेछ। १. समुदाय स्तरमा गर्भवती तथा सुत्केरी महिलाहरुको ट्र्याकिङको व्यवस्था भएको हुनुपर्ने, २. वडा/स्थानीय तहमा भएका सम्पूर्ण गर्भवती तथा सुत्केरी महिलाको विवरण अद्यावधिक गरिएको हुनुपर्ने, ३. घरमा प्रसुति सङ्ख्या शुन्य हुनुपर्ने, ४. कम्तीमा ९५ प्रतिशत गर्भवतीले प्रोटोकल अनुसारको ८ पटक गर्भवती जाँच गराएको हुनुपर्ने, ५. कम्तीमा ९५ प्रतिशत गर्भवती महिलाले दक्ष प्रसुतिकर्मीहरुको उपस्थितिमा सुत्केरी गराएको हुनुपर्ने,

विषयवस्तु	विवरण
	६. कम्तीमा ९५ प्रतिशत सुत्केरी महिलाको प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच भएको हुनुपर्ने, ७. आकस्मिक तथा जटिलतायुक्त गर्भवती तथा सुत्केरी महिलालाई सुविधा सम्पन्न संस्थामा प्रेषण गर्न वडा/स्थानीय तहले उचित व्यवस्थापन गरेको हुनुपर्ने (जस्तै: सवारी साधनको लागि आकस्मिक प्रेषण कोष), ८. कार्यक्रम लागु भएको स्थानीय तहका प्रत्यक गर्भवतीसँग कुनै प्रकारको Home based record (जस्तै : Maternal and Child Health Handbook) भएको हुनुपर्ने, ९. नवशिशु र मातृ मृत्युको समीक्षा भएको हुनुपर्ने **ख. घरमा सुत्केरी दर उच्च भएका वडाहरुमा "समता र पहुँच" कार्यक्रम** • घरमा सुत्केरी दर उच्च भएका वडाहरु पहिचान गरी सम्बन्धित वडामा रहेका गर्भवती तथा प्रजनन उमेरका महिलासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, • मातृ तथा नवशिशु खतरा संकेत र समयमै प्रेषण गर्नुपर्ने अवस्था सम्बन्धी विषयवस्तु समेट्ने, (प्रसूतिको समयमा अत्यधिक रक्तस्राव; गम्भीर टाउको दुखाइ, दृष्टि धमिलो हुनु वा झट्का आउनु; उच्च ज्वरो वा गम्भीर संक्रमणका लक्षण; प्रसव लामो हुनु वा असामान्य रूपमा कठिन हुनु; गर्भावस्थामा अन्य गम्भीर स्वास्थ्य समस्या देखिनु; नवजात शिशुले दूध नचुस्नु/राम्रोसँग नखानु; छिटो वा गाह्रोसँग सास फेर्नु; अत्यधिक सुस्त हुनु, झट्का आउनु वा असामान्य तापक्रम हुनु; नवजात शिशुमा गम्भीर जण्डिसका संकेत देखिनु,आदि) • कार्यक्रममा गर्भवती तथा परिवारको प्रसूति तयारी तथा जटिलता व्यवस्थापन तयारी (Birth Preparedness and Complication Readiness) सम्बन्धी विषयमा छलफल गर्ने, ➢ प्रत्येक गर्भवतीका लागि निम्न विषयको तयारी भए/नभएको समीक्षा गर्ने: ➢ कुन स्वास्थ्य संस्थामा प्रसूति गर्ने? ➢ स्वास्थ्य संस्थासम्म कसरी पुग्ने? ➢ आकस्मिक अवस्थामा प्रयोग गर्ने यातायातको व्यवस्था के छ? ➢ स्वास्थ्यकर्मी/स्वास्थ्य संस्थाको सम्पर्क नम्बर छ/छैन? ➢ आवश्यक आर्थिक तथा अन्य स्रोतको तयारी भएको छ/छैन? ➢ प्रसूतिको समयमा साथ दिने व्यक्ति को हो? ➢ प्रसूति तथा नवजात शिशुका लागि आवश्यक सामग्री तयार छ/छैन? • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नेतृत्वमा स्वास्थ्य आमा समूहको सक्रिय सहभागितामा गर्भवती तथा सुत्केरी महिलाको अवस्था mapping गरी ANC, संस्थागत

विषयवस्तु	विवरण
	प्रसूति तथा PNC सेवा नलिएका महिलाको पहिचान गरी स्वास्थ्य संस्थामा सम्पर्क तथा प्रेषण गर्ने, • दुर्गम, विपन्न, अपाङ्गता भएका, सामाजिक रूपमा पछाडि परेका वा स्वास्थ्य सेवामा पहुँच कम भएका परिवारलाई विशेष प्राथमिकता दिने, • आवश्यकताअनुसार सरसफाइ सामग्री जस्तै ब्रस, टुथपेस्ट, काइँयो, साबुन, नङकट, टावेल आदि खरिद गरी वितरण गर्न सकिनेछ। यस्ता सामग्रीको वितरण गर्भवती तथा नवशिशु स्वास्थ्य सम्बन्धी सन्देश तथा सेवासँग जोडेर गर्नुपर्नेछ। • सहभागी संख्या आवश्यकता अनुसार निर्धारण गर्ने, सामान्यतया: २०-२५ जना सहभागी रहने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। • स्वीकृत बजेटको सीमाभित्र रही खाजा/खाना खर्च यसै कार्यक्रमबाट गर्न सकिनेछ। **ग. स्वास्थ्य आमा समूह परिचालन मार्फत घरमा हुने प्रसूती शून्य बनाउने अभियान** • घरमा प्रसूति हुने अवस्था न्यूनीकरण गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीको समन्वयमा स्वास्थ्य आमा समूहलाई समुदाय परिचालनको प्रमुख माध्यमका रूपमा प्रयोग गरी नियमित रुपमा समुदायमा आधारित अभियान सञ्चालन गर्ने, **मासिक स्वास्थ्य आमा समूह बैठक** • घरमा प्रसूति हुने सम्भावना भएका तथा संस्थागत प्रसूति कम भएका वडामा रहेका स्वास्थ्य आमा समूहको बैठक महिनामा कम्तीमा १ पटक सञ्चालन भएको सुनिश्चित गर्ने, • प्रत्येक बैठकमा गर्भवती तथा परिवारको प्रसूति तयारी तथा जटिलता व्यवस्थापन तयारी (Birth Preparedness and Complication Readiness) सम्बन्धी विषयमा छलफल गर्ने, • गर्भवती महिलामा देखिन सक्ने खतराका संकेतहरू तथा तत्काल स्वास्थ्य संस्थामा जानुपर्ने अवस्थाबारे परिवार र समुदायलाई जानकारी गराउने, • प्रसूति पश्चात् आमा तथा नवशिशुको स्वास्थ्य अवस्था, PNC सेवा, स्तनपान तथा नवजात खतरा संकेतबारे छलफल गर्ने, • आवश्यकता अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य आमा समूहको सहयोगमा गर्भवती तथा सुत्केरी महिलाको समुदायस्तरीय नक्शांकन (mapping) गरी उच्च जोखिम तथा सेवा नलिएका गर्भवती पहिचान गर्ने, • पहिचान भएका गर्भवती महिलालाई स्वास्थ्य संस्थासँग जोड्ने र नियमित follow-up को व्यवस्था गर्ने,

विषयवस्तु	विवरण
	• बैठकमा अघिल्लो महिनामा पहिचान भएका गर्भवतीमध्ये ANC नलिएका, ANC छुटाएका, घरमा प्रसूति गर्ने योजना बनाएका वा उच्च जोखिममा रहेका महिलाको अवस्थाको फलोअप/समीक्षा गर्ने, • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य आमा समूहको सहयोगमा प्रत्येक गर्भवती महिलालाई सम्भावित प्रसूति मिति अनुसार व्यक्तिगत प्रसूति तयारी योजना बनाउन सहयोग गर्ने, • योजनामा समावेश गर्ने विषय (अपेक्षित प्रसूति मिति, प्रसूति गराउने स्वास्थ्य संस्था, स्वास्थ्य संस्थासम्म पुग्ने यातायातको व्यवस्था, आकस्मिक यातायात/वैकल्पिक यातायातको व्यवस्था, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सम्पर्क नम्बर, प्रसूतिको समयमा साथ दिने व्यक्ति, आवश्यक आर्थिक तथा अन्य सामग्रीको पूर्वतयारी, आकस्मिक अवस्थामा प्रेषण गरिने उच्च तहको स्वास्थ्य संस्था, परिवारका सदस्यलाई मातृ तथा नवजात खतरा संकेतबारे जानकारी) • यसरी तयार गरिएको योजनालाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था तथा परिवारले आवश्यकता अनुसार फलो अप गर्ने व्यवस्था मिलाउने, • आवश्यकता अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले सम्बन्धित गर्भवतीलाई स्वास्थ्य संस्थामा प्रेषण तथा फलोअप गर्ने, **संस्थागत प्रसूति पश्चात् आमा तथा नवजातको follow-up** • प्रसूति पश्चात् आमा तथा नवजातलाई आवश्यक PNC सेवा लिन प्रोत्साहित गर्ने, • नवजात शिशुलाई प्रारम्भिक तथा पूर्ण स्तनपान, छालासँग छाला सम्पर्क, न्यानो राख्ने, नाभीको स्वच्छ हेरचाह तथा आवश्यक खोप/नवजात सेवाबारे जानकारी दिने, • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य संस्थामार्फत PNC छुटेका आमा तथा नवजातको follow-up गर्ने, • उच्च जोखिमका आमा तथा नवशिशुलाई आवश्यकता अनुसार थप फलोअप तथा प्रेषण गर्ने, • स्वीकृत बजेटको सीमाभित्र रही स्वास्थ्य आमा समूहको मासिक बैठक सञ्चालन तथा खाजा खर्चबापत प्रति बैठक एक सहभागीका लागि रु. दुई सयका दरले अधिकतम रू. पाँच हजारसम्म खर्च गर्न सकिनेछ (२५ जना सहभागी)। **घ.मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी सञ्चार** • गर्भावस्था, प्रसूति तथा नवशिशु स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तनका लागि स्थानीय आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

विषयवस्तु	विवरण
	➢ ब्रोसर, पम्प्लेट, फ्लेक्स, हाते पुस्तिका तथा अन्य IEC/BCC सामग्रीको छपाइ तथा वितरण, ➢ स्थानीय रेडियो, पत्रपत्रिका, अनलाइन तथा सामाजिक सञ्जालमार्फत सन्देश प्रसारण, ➢ आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालय, समुदायका अगुवा तथा स्थानीय जनप्रतिनिधिमार्फत सन्देश प्रवाह, ➢ स्वास्थ्य संस्थामा उपलब्ध प्रसूति सेवाको जानकारी तथा referral pathway को प्रचार, ➢ "स्वास्थ्य संस्थामै प्रसूति गराऔँ, आमा र नवशिशुको जीवन बचाऔँ", "शून्य घर प्रसूति, सुरक्षित मातृत्व" जस्ता सन्देश मार्फत समुदाय परिचालन। • सञ्चार सामग्रीमा संस्थागत प्रसूतिको सन्देश मात्र नभई ANC, birth preparedness, खतराका संकेत, समयमै प्रेषण, सुरक्षित प्रसूति, नवशिशुको तत्काल हेरचाह, प्रारम्भिक स्तनपान तथा PNC लगायतका विषय समावेश गर्ने, **ङ.क्षमता अभिवृद्धि तथा सचेतना कार्यक्रम** • गर्भावस्थादेखि सुत्केरी अवस्थासम्म सेवाको निरन्तरता न्यून भएका स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्य शाखा, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह तथा अन्य सरोकारवालालाई मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रमसम्बन्धी १ दिने अभिमुखीकरण/सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ। • अभिमुखीकरणमा विशेष गरी निम्न विषय समावेश गर्ने: ➢ पूर्ण संस्थागत सुत्केरी/शून्य घर प्रसूतिको अवधारणा; ➢ गर्भवतीको early identification र tracking; ➢ ANC तथा PNC सेवाको निरन्तरता; ➢ Birth Preparedness and Complication Readiness; ➢ मातृ तथा नवजात खतरा संकेत; ➢ समयमै प्रेषण तथा यातायात व्यवस्थापनको तयारी; ➢ सम्मानजनक मातृ तथा नवजात स्वास्थ्य सेवा; ➢ स्वास्थ्य आमा समूह तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका को भूमिका; ➢ समुदायमा सामाजिक तथा व्यवहार परिवर्तन सञ्चार; ➢ उपलब्ध तथ्याङ्कको प्रयोग गरी स्थानीय कार्ययोजना निर्माण।

८. संक्रमण रोकथाम तथा स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी अभिमुखीकरण

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४४७	२२५२२	तनहुँ, नवलपरासी (ब.सु.पू), पर्वत, मुस्ताङ, म्याग्दी - २००

विषयवस्तु	विवरण
परिचय	सुरक्षित तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने नीतिअनुसार स्वास्थ्य संस्थाहरूमा संक्रमण रोकथाम तथा नियन्त्रण र स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु अत्यन्त आवश्यक छ। विशेषगरी प्रसूति सेवा प्रदान गर्ने बर्थिङ सेन्टरहरूमा संक्रमणको जोखिम उच्च हुने भएकाले स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूमा संक्रमण रोकथामका अभ्यास तथा स्वास्थ्यजन्य फोहोरको सुरक्षित व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र व्यवहार अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	संक्रमण रोकथाम तथा नियन्त्रणका आधारभूत सिद्धान्त एवम् स्वास्थ्य संस्थाजन्य फोहोरको सुरक्षित वर्गीकरण, संकलन, ढुवानी तथा व्यवस्थापन बारे जानकारी गराउनु।
अपेक्षित प्रतिफल	स्वास्थ्य संस्थामा संक्रमणको जोखिम कम भई सुरक्षित कार्य वातावरण प्रवर्द्धन हुनेछ।
कार्य सञ्चालन प्रकृया	• संक्रमण रोकथाम तथा नियन्त्रण निर्देशिका,२०७९ अनुरुप अभिमुखीकरण सामग्री तयार गर्ने, • सहभागीहरुको पहिचान र छनौट गरी २ दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, • सहभागीहरु सेवा प्रदायक स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीहरु समेत हुन सक्नेछन्। • कार्यक्रममा आवश्यक पर्ने सिकाई सामाग्रीहरु(संक्रमण रोकथामसँग सम्बन्धीत)को व्यवस्थापन गर्न यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ। • बजेटको परिधि भित्र रही *"म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री नष्ट गर्ने सम्बन्धी कार्यविधि, २०७८"* बमोजिम वैज्ञानिक विधिबाट फोहोरमैला व्यवस्थापन समेत गर्न सकिनेछ।

९. नर्सिङ कर्मचारीहरुका लागि STI सम्बन्धी तालिम

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४४८	२२५२२	नवलपरासी (ब.सु.पू), पर्वत, म्याग्दी - ४००, मुस्ताङ, स्याङ्जा - २००

विषयवस्तु	विवरण
परिचय	नेपालमा यौनजन्य संक्रामक रोग र एचआईभी संक्रमणको जोखिम अझै पनि गम्भीर जनस्वास्थ्य चुनौतीको रुपमा रहेको छ । यस्ता संक्रमणहरूको शीघ्र र प्रभावकारी व्यवस्थापनका लागि Syndromic Case Management विधि अपनाउनु आवश्यक छ। स्वास्थ्य सेवामा अग्र पंक्तिमा कार्यरत नर्सिङ कर्मचारीहरूलाई एसटीआईको पहिचान, रोकथाम, उपचार तथा परामर्श दिने र सो सम्बन्धी ज्ञान, सीप, धारणा र क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	STI/HIV का लक्षण र लक्षण समूह (syndrome) को पहिचान तथा गोपनीयता, परामर्श र रोग व्यवस्थापनका संवेदनशील पक्षहरूमा दक्षता अभिवृद्धि गर्नु र राष्ट्रिय प्रोटोकल अनुसार Syndromic Case Management लागु गर्नु।
अपेक्षित प्रतिफल	नर्सिङ कर्मचारीहरुको STI/HIV को मुख्य लक्षण समूहहरूको सही पहिचान र व्यवस्थापन गर्नसक्ने सीपको विकास भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी तालिम सामग्री तयार गर्ने, • सहभागीहरुको पहिचान र छनौट गरी STI/HIV Syndromic case Management को ३ दिनको तालिम सञ्चालन गर्ने, • यस अघि STI Case Management तालिम नलिएका, VIA तालिक प्राप्त, ग्रामिण अल्टासाउन्ड तालिम प्राप्त, बर्थिङ सेन्टरहरुमा कार्यरत कर्मचारीहरुलाई प्राथमिकता दिनुपर्नेछ।

१०. मानसिक स्वास्थ्य प्रदायक र मनोसामाजिक परामर्शकर्ताहरुको सहभागितामा मानसिक स्वास्थ्य कार्यक्रमको सिकाई आदान प्रदान कार्यक्रम तथा योजना तर्जुमा

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
२.७.२२.४६०	२२५२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), बागलुङ - २००

विषयवस्तु	विवरण
परिचय	स्थानीय तहमा कार्यरत मानसिक स्वास्थ्य प्रदायक तथा मनोसामाजिक परामर्शकर्ताहरूबाट सञ्चालित मानसिक स्वास्थ्य कार्यक्रमहरूको अनुभव, उपलब्धि, चुनौती तथा सिकाइहरूको आदान-प्रदान गरी सेवा प्रवाहलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन तथा आगामी कार्ययोजना तर्जुमा गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	मानसिक स्वास्थ्य सेवा सञ्चालनका असल अभ्यास, चुनौती तथा सिकाइहरूको आदान–प्रदान गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको गुणस्तर सुधारका लागि साझा रणनीति विकास गर्नुका साथै उक्त रोग सम्बन्धी अभिलेख, प्रतिवेदन तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याको समीक्षा गर्नु र आगामी आर्थिक वर्षका लागि कार्ययोजना तथा सुधारात्मक योजना तयार गर्नु।
अपेक्षित प्रतिफल	सेवा प्रवाहमा देखिएका समस्या तथा समाधानका उपायहरू पहिचान भई सुधार योजना तयार भएको हुनुका साथै मानसिक स्वास्थ्य सेवा तथा मनोसामाजिक परामर्श सेवाको समन्वय, गुणस्तर र प्रभावकारिता अभिवृद्धि भएको हुनेछ।
कार्यसञ्चालन प्रकृया	• कार्यक्रम सञ्चालनको मिति, स्थान तथा सहभागी छनौट गरी १ दिनको कार्यक्रम सञ्चालन गर्ने, • प्रत्येक स्थानीय तहका मानसिक स्वास्थ्य सेवा प्रदायक तथा मनोसामाजिक परामर्शकर्तालाई सहभागी गराई आफ्नो कार्यक्रमको प्रगति, उपलब्धि, चुनौती तथा सिकाइ सम्बन्धी प्रस्तुतीकरण गराउनुपर्नेछ । यस कार्यक्रममा स्थानीय तहको स्वास्थ्य महा/शाखाबाट र थप सहजीकरणका लागि मनोचिकित्सकलाई समेत सहभागी गराउन सकिनेछ। • मानसिक स्वास्थ्य सम्बन्धी अभिलेख, प्रतिवेदन, सेवा प्रवाह, औषधी व्यवस्थापन, रेफरल प्रणाली तथा सुपरिवेक्षण सम्बन्धी समीक्षा गर्ने, • समूहगत छलफल मार्फत समस्या, समाधान र उत्कृष्ट अभ्यासहरूको पहिचान गर्ने, • आगामी कार्ययोजना, जिम्मेवारी, समयसीमा तथा अनुगमनका सूचकहरू सहित कार्ययोजना तयार गर्ने, • कार्यक्रमको प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्ने।

११. घरमा सुत्केरी हुने दर उच्च रहेका स्थानीय तहका तथा रणनैतिक स्थानका बर्थिङ सेन्टर सुदृढीकरणका लागि औजार उपकरण खरिद

कार्यक्रम कोड	खर्च शीर्षक	विनियोजित रकम (रू हजारमा)
११.३.९.४०	३११२२	गोरखा, तनहुँ, नवलपरासी (ब.सु.पू), पर्वत, बागलुङ, मुस्ताङ, म्याग्दी, लमजुङ, स्याङ्जा - १०००, मनाङ - ४००

विषयवस्तु	विवरण
परिचय	घरमा सुत्केरी हुने दर उच्च रहेका स्थानीय तह तथा रणनीतिक स्थानका बर्थिङ सेन्टरहरूमा आवश्यक औजार तथा उपकरण उपलब्ध गराई सुरक्षित र गुणस्तरीय प्रसूति सेवा सुदृढीकरण गर्न यो कार्यक्रम राखिएको हो।
उद्देश्य	बर्थिङ सेन्टरमा आवश्यक औजार तथा उपकरणको उपलब्धता सुनिश्चित गर्नु तथा सुरक्षित, गुणस्तरीय तथा संस्थागत प्रसूति सेवाको पहुँच र उपयोग बढाउनु।
अपेक्षित प्रतिफल	बर्थिङ सेन्टरमा सामग्रीको आपूर्ती भई गुणस्तरिय प्रसूति सेवा सञ्चालन भएको हुनेछ।
कार्य सञ्चालन प्रकृया	• जिल्लास्थित बर्थिङ सेन्टरहरुमा रहेका सामाग्रीहरु सहितको Mapping गर्ने, • धेरै सुत्केरी सेवा दिने तथा रणनीतिक स्थानका बर्थिङ सेन्टरहरुको सूचि तयार गर्ने, • स्थानीय तहसँग समन्वय गरी प्राथमिकतामा परेका बर्थिङ सेन्टरहरुमा आवश्यक उपकरणहरु जस्तै डेलिभरी वेड, फिटल डपलर, बेबी वारमर, suction machine लगायत अन्य आवश्यक सामाग्रीहरुको माग संकलन गर्ने, • जनस्वास्थ्य कार्यालय मार्फत Basic Life Support (BLS) सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक dummy लगायत अन्य सामग्रीहरु समेत यही कार्यक्रमबाट खरिद गर्न सकिनेछ। • बजेट तथा मागको आधारमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार खरिद गरी वितरण गर्ने, • स्थानीय तह तथा बर्थिङ सेन्टरहरुमा उपकरणहरुको उपयोग भएको सुनिश्चित गराउने।